# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## सूचना

मिति २०७७/१२/०९ गतेको नेपाल राजपत्रमा प्रकाशित श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना बमोजिम र यस बैंकबाट मिति २०७७/१२/१२ गते जारी इ.प्रा. परिपत्र संख्या : ११/२०७७-७८ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि परिमाणात्मक बन्देजको सीमा तोकिएका भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउ, भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारी, भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडा र भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिचको हकमा कोटा प्राप्त गर्ने आयातकर्ताले २०७८ असार मसान्तभित्र त्यस्तो वस्तु Shipment गराइसक्नुपर्ने र २०७८ असार मसान्तसम्म LC/DAP/ DAA/ DD/TT खोली Shipment भैसकेका वस्तुहरु आर्थिक वर्ष २०७८/७९ मा पनि भन्सार जाँचपास गर्ने सम्बन्धी व्यवस्थाका लागि श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट यस बैंक समेतलाई अनुरोध भई आएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन तथा आर्थिक वर्ष २०७८/७९ मा यस पूर्व परिमाणात्मक बन्देज लगाइएका वस्तुहरुको सम्बन्धमा हालसम्म नेपाल सरकारबाट कोटा निर्धारण नभएको र इजाजत पनि प्रदान नभएको हुँदा त्यस्ता वस्तुहरु आयात गर्ने प्रयोजनका लागि कुनै पनि आयात, बैंकिङ्ग तथा भुक्तानी सम्बन्धी प्रक्रिया अगाडि नबढाउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

भवदीय,

२०७८/०६/१७

रामु पौडेल

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०६/१७।